# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशित स्वत: प्रकाशन

(मिति २०८२ बैशाख १ गते देखि असार मसान्त सम्मको)




**प्रकाशक**

**पालुङटार नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**पालुङटार, गोरखा।**

# विषयसूची

क्र.सं. **विवरण** पेज.नं.

क) निकायको स्वरुप र प्रकृति.....1

ख) निकायको काम, कर्तव्य र अधिकार.....1

ग) निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण.....1

घ) निकायबाट प्रदान गरिने सेवा.....9

ङ) सेवा गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी.....10

च) सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि.....11

छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी.....11

ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी.....11

झ).....21

ञ).....21

क) सूचना अधिकारी र प्रमुखको नाम र पद.....23

ख) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि.....23

ग) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण.....23

घ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण.....24

ङ) सार्वजनिक निकायको वेभसाइट भएको भए सो को विवरण.....24

च) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण.....24

छ) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी.....24

ज) सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको.....25

झ) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण...25

## क) निकायको स्वरुप र प्रकृति

नेपालको संविधानले परिकल्पना गरेको तहगत संरचनाको शासकीय इकाइहरु मध्येको एक स्थानीय तहको रुपमा पालुङटार नगरपालिका रहेको छ । वि सं २०७१ मा साविकका च्याङली, गाइखुर, पालुङटार एवं आँपपिपल गा.वि. स.हरु एवं वि सं २०७३ मा साविकका मिरकोट, धुवाँकोट र खोप्लाङ गा वि स हरु थप भई यस नगरपालिकाको संरचना तयार भएको छ । विषयगत शाखाहरु, वडा कार्यालय एवं स्वास्थ्य संस्थाहरुको प्रत्यक्ष सहभागितामा नगरसभा र कार्यपालिकाका नीतिगत एवं कानूनी निर्णयहरुका आधारमा सम्वन्धित सरोकारवालाहरुको व्यापक सहभागितामा आफ्ना क्रियाकलापहरु सञ्चालन गर्ने प्रकृतिको निकायको रुपमा यस निकाय रहेको छ ।

## ख) निकायको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको अनुसूचिमा सूचिकृत एकल एवं साझा अधिकारहरु र सो को कार्यविस्तृतीकरण प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ सहितका अन्य प्रचलित कानूनहरुले पालुङटार नगरपालिका सहितका अन्य स्थानीय तहहरुका काम, कर्तव्य र अधिकारहरुलाई परिभाषित गरेको छ ।यी कानूनहरुले स्थानीय तहलाई वृहत क्षेत्राधिकार सहितको महत्वपूर्ण शासकीय इकाइको रुपमा स्थापित गरेको छ । यस अनुरुप पालुङटार नगरपालिकाका प्रतिनिधिमुलक काम, कर्तव्य र अधिकारहरु निम्नानुसारका रहेका छन ।

- आफ्ना अधिकारक्षेत्रका विषयहरुमा संघीय एवं प्रादेशिक कानुनहरुसँग नवाझिने गरी नीति, कानुन, योजनाहरुको तर्जुमा एवं सो को कार्यान्वयन गर्ने ।
- नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरुमा प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।
- स्थानीय विकास व्यवस्थापनलाई प्रभावकारी तुल्याउने ।
- सेवा प्रवाह एवं विकास व्यवस्थापनका सम्वन्धमा संघ एवं प्रदेशका साथै अन्य सरोकारवालाहरुसँग प्रभावकारी समन्वय स्थापित गर्ने ।
- प्रचलित कानुन वमोजिमका अन्य कार्यहरु सम्पादन गर्ने ।

## ग) निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण

पालुङ्टार नगरपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा तयार गरिएको संगठन संरचना, नगरसभामार्फत थप गरिएका दरवन्दीहरु सहितको संरचनामा रहने गरी विभिन्न प्रकृतिका कर्मचारीहरु कार्यरत रहेका छन । ठूलो संख्याको कर्मचारीका कारण प्रत्येक कर्मचारीको कार्यविवरण प्रस्तुत गर्न नसकिएतापनि नगरपालिकामा रहेका कर्मचारीहरुको संक्षिप्त विवरण तपशील वमोजिम प्रस्तुत गरिएको छ ।

**पालुङ्टार नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

## पालुङ्टार, गोरखा

**गण्डकी प्रदेश,नेपाल**

### पालुङ्टार नगरपालिकामा कार्यरत स्थायी (निजामती र स्थानीय) र करारका कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम, थर | पद | ठेगाना | फोन नम्बर | सेवाको प्रकृति |
|---|---|---|---|---|---|
| १ | कमानसिं थापामगर | उपसचिव (प्रमुख प्रशासकीय अधिकृत) | लिवाङ न.पा., रोल्पा | ९८५६०६१११११ | निजामती |
| २ | मनोज नेपाली सिर्मल | उपसचिव (शिक्षा शाखा प्रमुख) | गोरखा न.पा. ९, गोरखा | ९८५६०७०८१२ | स्थायी |
| ३ | माधब पोखरेल | बरिष्ठ शिक्षा अधिकृत | पा.न.पा.-२, गोरखा | ९८५१२०१२४२ | स्थायी |
| ४ | सुवन शर्मा | लेखा अधिकृत | पुतलीबजार न.पा.-१० स्याङजा | ९८५१२१७२१९ | स्थायी |
| ५ | निर्मला पन्त | प्रशासकीय अधिकृत | पा.न.पा १, गोरखा | ९८४१०३६६१७ | स्थायी |
| ६ | टुक प्रसाद पौडेल | सहायक प्रशासकीय अधिकृत | आधिखोला गा.पा-४, स्याङ्जा | ९८५६०४०९५७ | स्थायी |
| ७ | अनुप देवकोटा | सूचना प्रविधि अधिकृत | पा.न.पा.४, गोरखा | ९८४५९४२१८७ | करार |
| ८ | सरोज थापा | बरिष्ठ आलेप सहायक | का. गा.पा. ४, बाग्लुङ | ९८६९५४९२९३ | स्थायी |
| ९ | सबिन अर्याल | प्राविधिक सहायक | गो.न.पा.-३, गोरखा | ९८४६३४८९९२ | स्थायी |
| १० | धनेन्द्र श्रेष्ठ | बरिष्ठ प्रशासन सहायक | भिमसेनथापा गा.पा-१, गोरखा | ९८५६०८०३८८ | स्थायी |
| ११ | दिनेश कुमाल | बरिष्ठ प्रशासन सहायक | पा.न.पा.७, गोरखा | ९८४६४७०४५७ | स्थायी |
| १२ | उर्मिला विष्ट | लेखा सहायक | त्रीवेणी गा.प.-६, रुकुम | ९८२६५७०४६४ | स्थायी |
| १३ | अनिल खत्री | सव-इन्जिनियर | पा.न.पा ७, गोरखा | ९८४३३६७२७० | करार |
| १४ | राम प्रसाद पोखरेल | प्रशासन सहायक | पा.न.पा.२, गोरखा | ९८४६०५६४३९ | स्थायी |
| १५ | नबीन पोखरेल | सव-इन्जिनियर | खोप्लाङ- २, गोरखा | ९८५११७६०५६ | स्थायी |
| १६ | अशोक मरहट्टा | स्वकिय सचिव | पा.न.पा.२, गोरखा | ९८५५०१८९९० | करार |
| १७ | प्रताप मल्ल | इलेक्टीसियन | पा.न.पा ६ गोरखा | ९८४६४७९६८३ | करार |
| १८ | प्रधुम्न कुवर | अमिन | गो.न.पा.-९, गोरखा | ९८४३९९६५३० | करार |
| १९ | राधा देवकोटा | सामाजिक परिचालीका | पा.न.पा ५ गोरखा | ९८६२५७३३०३ | करार |
| २० | बल बहादुर परियार | सवारी चालक | पा.न.पा ५ गोरखा | ९८४६८३५६७४ | करार |
| २१ | दिपक कोइराला | सवारी चालक | पा.न.पा., गोरखा | ९८०४१८२९९२ | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | सुमन अधिकारी | कार्यालय सहयोगी | पा.न.पा ५,गोरखा | ९८२५१०१४८२ | करार |
| २३ | भक्त बहादुर कुमाल | कार्यालय सहयोगी | पा.न.पा ७, गोरखा | ९८०६६६२२९३ | करार |
| २४ | डुम बहादुर गुरुङ | कार्यालय सहयोगी | पा.न.पा ५ गोरखा | ९८०४१५७५१० | करार |
| २५ | डिलमाया परियार | कार्यालय सहयोगी | पा.न.पा गोरखा | ९८४६१७०४७६ | करार |
| २६ | संगीता वाग्ले | कार्यालय सहयोगी | पा.न.पा. ४ | ९८४६५३६३२२ | करार |
| २७ | राजेन्द्र सुनार | सवारी चालक एम्बुलेन्स | पा न पा | ९८४५३९७६३५ | करार |
| २८ | रविन्द्र कुमाल | कार्यालय सहयोगी | पा न पा | ९८२७१८५४१५ | करार |
| २९ | ऋतु भुजेल | कार्यालय सहयोगी | पा न पा | 9704881284 | करार |
| **मेड्पा कार्यक्रम** | | | | | |
| १ | राम जनम चौधरी | उद्यम बिकास सहजकर्ता | कैलारी गा.पा., कैलाली | ९८६८२३२१७० | करार |
| **पञ्जिकरण शाखा** | | | | | |
| १ | सरोज थापा  मगर | एम.आई.एस. अपरेटर | सिरानचोक गा.पा., गोरखा | ९८०८६२१७११ | करार |
| २ | ईश्वरी अधिकारी | फिल्ड सहायक | पा.न.पा ९, गोरखा | ९८६०१०१४११ | करार |
| **रोजगार सेवा केन्द्र** | | | | | |
| १ | कल्पना के.सी. | रोजगार संयोजक (छैठौं) | पा.न.पा.२, गोरखा | ९८४९९८७७८६ | करार |
| २ | ध्रुव सिलवाल | रोजगार सहायक (पाँचौं) | पा.न.पा.८, गोरखा | ९८०५८५२९५८ | करार |
| ३ | रामचन्द्र पण्डित | प्राविधिक सहायक (पाँचौ) | पा.न.पा.५, गोरखा | ९८६००५५७४३ | करार |
| **वडा नं. १  वडा कार्यालय** | | | | | |
| १ | कलावती कुमारी भट्ट | बरिष्ठ प्रशासन सहायक | पर्शुराम न.पा.३, डडेलधुरा | ९८४८८३००५८ | स्थायी |
| २ | महेश कुमार यादव | असिष्टेन्ट सब-इन्जिनियर | पिपरा गा.पा.३, महोत्तरी | ९८१९६२३०७९ | स्थायी |
| ३ | राजेन्द्र कोइराला | सामाजिक परिचालक | पा.न.पा.१, गोरखा | ९८४६१२७७१४ | करार |
| ४ | जमुना खड्का | कार्यालय सहयोगी | पा.न.पा.१, गोरखा | ९८४६३४८५४६ | करार |
| **वडा नं. २ वडा कार्यालय** | | | | | |
| १ | सुस्मिता बि.क. | सब-इन्जिनियर | कुश्मा-११, पर्वत | ९८४०४२५९१७ | स्थायी |
| २ | सरस्वती कट्टेल | सामाजिक परिचालक | पा.न.पा  गोरखा | ९८४६५३६१८१ | करार |
| ३ | किसान बाबु थापा मगर | कार्यालय सहयोगी | पा.न.पा  गोरखा | ९८२४१८७३६० | करार |
| **वडा नं.३ वडा कार्यालय** | | | | | |
| १ | शिशिर पौडेल | बरिष्ठ प्रशासन सहायक | फलेवास न.पा. १०, पर्वत | ९८४६४१२७६० | स्थायी |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बविता भट्ट | सब-इन्जिनियर | परशुराम न.पा.११, डडेल्धुरा | ९८६३०३१६२४ | स्थायी |
| ३ | कृष्ण कला अधिकारी | सामाजिक परिचालक | पा.न.पा गोरखा | ९८४६५३५३९७ | करार |
| ४ | ज्योती गिरी | कार्यालय सहयोगी | पा.न.पा गोरखा | ९८१४१०५८८१ | करार |
| | | | **वडा नं. ४ वडा कार्यालय** | | |
| १ | सुमित्रा देवी शर्मा पौडेल | सहायक प्रशासकीय अधिकृत | कुश्मा न.पा. ११, पर्वत | ९८४७६६०६७२ | स्थायी |
| २ | लालु गुरुङ | सव-इन्जिनियर | पा.न.पा ४, गोरखा | ९८४६०५६४७० | स्थायी |
| ३ | प्रिति शर्मा खनाल | सामाजिक परिचालक | पा.न.पा.४, गोरखा | ९८४६७५२६९१ | करार |
| ४ | लक्ष्मी संग्रौला मरहट्टा | कार्यालय सहयोगी | पा.न.पा.४, गोरखा | ९८६७७५८९२८ | करार |
| | | | **वडा नं. ५ वडा कार्यालय** | | |
| १ | प्रतिमा सिग्देल | कम्प्युटर अपरेटर | पा.न.पा.४, गोरखा | ९८४६०८१२१० | स्थायी |
| २ | बिनिषा अर्याल | सहायक कम्प्युटर अपरेटर | पा.न.पा. २, गोरखा | ९८४६१५६७९५ | करार |
| ३ | निसा अधिकारी | कार्यालय सहयोगी | पा.न.पा.५, गोरखा | ९८१५१५४३५६ | करार |
| | | | **वडा नं. ६ वडा कार्यालय** | | |
| १ | सन्दिप श्रेष्ठ | सव-इन्जिनियर | आवुँखैरेनी-२, तनहुँ | ९८६६६३९२४५ | स्थायी |
| २ | पदम बहादुर वाग्ले | प्रशासन सहायक ( वडा सचिव) | पा.न.पा १० गोरखा | ९८४६१२५८१५ | स्थायी |
| ३ | चन्चला रेग्मी | सामाजिक परिचालिका | पा.न.पा. ६, गोरखा | ९८४६२१८४२८ | करार |
| ४ | थम बहादुर थापा | कार्यालय सहयोगी | पा.न.पा. ६, गोरखा | ९८०३१६३०४९ | करार |
| | | | **वडा नं. ७ वडा कार्यालय** | | |
| १ | सोविता पन्त | बरिष्ठ प्रशासन सहायक | चापाकोट, स्याङ्जा | ९८४६०७५५८२ | स्थायी |
| २ | निरा अधिकारी | सामाजिक परिचालक | पा.न.पा.७, गोरखा | ९८४६१११२०७ | करार |
| ३ | लिला कुमारी खत्री | कार्यालय सहयोगी | पा.न.पा.७, गोरखा | ९८४६२८९३२८ | करार |
| | | | **वडा नं. ८ वडा कार्यालय** | | |
| १ | नानु सुनार | महिला विकास निरिक्षक | पा.न.पा.१, गोरखा | ९८४६९८४२१२ | स्थायी |
| २ | सुशिल श्रेष्ठ | अ.सब-ईन्जिनियर | खाडादेवी गा.पा. ५, रामेछाप | ९८६३८५७२४९ | स्थायी |
| ३ | हरिमाया तिवारी गौली | सामाजिक परिचालक | पा.न.पा.८, गोरखा | ९८४६३१७६६६ | करार |
| ४ | चिरिन्जिवि ओलिया | कार्यालय सहयोगी | पा.न.पा. ८, गोरखा | ९८४६४१३८०६ | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| **वडा नं. ९ वडा कार्यालय** | | | | | |
| १ | बसन्त कुमार राना | बरिष्ठ प्रशासन सहायक | कुमाख मालिका-१, सल्यान | ९८४११८६४७६ | स्थायी |
| २ | राम स्नेही साह | अ.सब-ईन्जिनियर | मनरा शिसवा न.पा. ६, महोत्तरी | ९८६५११५९९९ | स्थायी |
| ३ | सविता पाठक | सामाजिक परिचालक | पा.न.पा.८,गोरखा | ९८४६१८८७२५ | करार |
| ४ | राम बहादुर सेडाइ | कार्यालय सहयोगी | पा.न.पा.९, गोरखा | ९८४६३७७४३५ | करार |
| **वडा नं. १० वडा कार्यालय** | | | | | |
| १ | प्रदिप कलौनी | सव-इन्जिनियर | भीमदत्त न.पा.६, कन्चनपुर | ९८६८७०९२०४ | स्थायी |
| २ | निर माया कुवर | सामाजिक परिचालक | पा.न.पा.१०, गोरखा | ९८४६५७०९४८ | करार |
| ३ | कृष्ण बहादुर मजाकोटी | कार्यालय सहयोगी | पा.न.पा.१०, गोरखा | ९८१७१०६४१७ | करार |
| **स्वास्थ्य शाखा** | | | | | |
| १ | सृजना पोखरेल | जनस्वास्थ्य अधिकृत | व्यास न.पा.१०, तनहुँ | ९८४६०९००२६ | स्थायी |
| २ | सृष्टी थपलिया | अस्पताल नर्सिङ निरिक्षक | पा.न.पा.१, गोरखा | ९८४६१५८४५७ | स्थायी (अध्ययन विदामा) |
| ३ | कृष्ण प्रसाद अधिकारी | जन स्वास्थ्य निरिक्षक | पा.न.पा १०, गोरखा | ९८४६१८८९३१ | स्थायी |
| ४ | गोमा श्रेष्ठ | अस्पताल नर्सिङ निरिक्षक | पा.न.पा.२, गोरखा | ९८६०१२४९९८ | स्थायी |
| ५ | सुमित्रा आले | अ.हे.ब. | गोरखा न.पा.८, गोरखा | ९८६३९२४३०८ | करार |
| ६ | यज्ञमणि लुईंटेल | कार्यालय सहयोगी | पा.न.पा ४, गोरखा | ९८४६०५७७७८ | स्थायी |
| **आर्युर्वेद शाखा** | | | | | |
| १ | हितकाजी श्रेष्ठ | बरिष्ठ कविराज निरिक्षक | पा.न.पा ४, गोरखा | ९७४११५१९६४ | स्थायी |
| २ | बसन्त घिमिरे | बैद्य निरिक्षक | गण्डकी गा.पा.१, गोरखा | ९८४६३२८५४५ | स्थायी |
| ३ | विमला नेपाली | का. स. | पा.न.पा.४, गोरखा | ९८४६५१६४८५ | करार |
| **कृषि शाखा** | | | | | |
| १ | राजु गौतम | कृषि अधिकृत सातौ | बाग्लुङ न.पा. ११, बाग्लुङ | ९८४७६७४२८१ | स्थायी |
| २ | सङ्कल्प न्यौपाने | कृषि स्नातक | राइनास न.पा.१०, लमजुङ | ९८४६७६३७६५ | करार |
| ३ | लक्ष्मी देवकोटा | प्राविधिक सहायक | पा.न.पा.२, गोरखा | ९८४६५८९९३२ | स्थायी |
| ४ | पियुष देवकोटा | सहायक पाँचौ | पा.न.पा.४, गोरखा | ९८४८७३३०११ | करार |
| ५ | पुष्पा कार्की | नायव कृषि प्राविधिक सहायक | आरुघाट गा.पा.५, गोरखा | ९८१४१०१०१९ | स्थायी |
| ६ | चण्डीका पोख्रेल | ना.प्र.स. | पा.न.पा.६, गोरखा | ९८४६०८७२४१ | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | अन्जिता खड्का | ना.प्र.स. | पा.न.पा.१०, गोरखा | ९८२९१५१७७० | करार |
| ८ | जुना श्रेष्ठ | कार्यालय सहयोगी | पा.न.पा ४, गोरखा | ९८६४५९७८३५ | करार |
| **पशु सेवा शाखा** | | | | | |
| १ | लेखनाथ अर्याल | पशु विकास अधिकृत | वालिङ न.पा.८, स्याङ्जा | ९८४६४५१२०७ | स्थायी |
| २ | डा. सुरज मरहट्टा | पशु चिकित्सक | पा.न.पा.२, गोरखा | ९८४३२९७७४४ | करार |
| ३ | रोशन राई | पशु स्वास्थ्य प्राविधिक | खाल्सा छिन्ताङ्ग सहिदभमि गा.पा.६, धनकुटा | ९८००९४०५१५ | स्थायी |
| ४ | प्रमिला माया घिसिङ | नायव पशु स्वास्थ्य प्राविधिक | दोरम्बा-५, रामेछाप | ९८४४३१९४१० | स्थायी |
| ५ | सन्देश बस्नेत | पशु सेवा प्राविधिक | गोरखा न.पा.८, गोरखा | ९८१४१६३६८८ | करार |
| ६ | सनत देवकोटा | पशु प्राविधिक | पा.न.पा.१०,गोरखा | ९८४६७५५१२९ | करार |
| ७ | महेन्द्र कुमार श्रेष्ठ | का. स. | पा.न.पा. ४, गोरखा | ९८४६३००६४९ | करार |
| **खोप्लाङ स्वास्थ्य चौकी** | | | | | |
| १ | प्रविण श्रेष्ठ | जनस्वास्थ्य निरीक्षक | पा.न.पा. १, गोरखा | ९८४६७७१३३२ | स्थायी |
| २ | स्मृति तामाङ | अ.न.मी. | पा.न.पा.८, गोरखा | ९८४६७६३८६२ | स्थायी |
| ३ | शुसिला चौधरी | अ.हे.ब. | गेरुवा गा.पा.२, बर्दिया | ९८१९५४१७०१ | स्थायी |
| ४ | गान्धिश्वर श्रेष्ठ | का.स. | पा.न.पा. १०, गोरखा | ९८०५८३५८५० | करार |
| **आँपपिपल स्वास्थ्य चौकी** | | | | | |
| १ | राधा देवकोटा | जनस्वास्थ्य निरीक्षक | राइनाश न.पा.९, लमजुङ | ९८४९२५०५७२ | स्थायी |
| २ | उमेश ढकाल | सि.अ.हे.व. | पा.न.पा.२, गोरखा | ९८६०८०५८३२ | स्थायी |
| ३ | इन्द्रा पौडेल गैरे | अ.हे.ब. | पा.न.पा.५, गोरखा | ९८१७१०४००४ | करार |
| ४ | पार्वती बानिया | का.स. | पा.न.पा.२, गोरखा | ९८४६३२८४७० | करार |
| **लिगलिग बड्डाडाँ स्वास्थ्य चौकी** | | | | | |
| १ | रत्न कुमार श्रेष्ठ | सि.अ.हे.ब. निरिक्षक | पा.न.पा.५, गोरखा | ९८४३३६९६६३ | स्थायी |
| २ | सुनिल जंग ठकुरी | जनस्वास्थ्य निरीक्षक | पा.न.पा.४, गोरखा | ९८५६०७०७५१ | स्थायी (अध्ययन विदामा) |
| ३ | सानु देवी जिरेल श्रेष्ठ | सि.अ.न.मी. निरिक्षक | पा.न.पा.५, गोरखा | ९८४३४३९०३२ | स्थायी |
| ४ | निर्मला अछामी | सि.अ.न.मी. | पा.न.पा.४, गोरखा | ९८४९९७८८५५ | स्थायी |
| ५ | भावना देवकोटा | अ.हे.ब. | पा.न.पा.४, गोरखा | ९८१८८७१६२२ | करार |
| ६ | सिता पौडेल | कार्यालय सहयोगी | पा.न.पा.४, गोरखा | ९८४६८४८६४९ | करार |
| **गाइखुर स्वास्थ्य चौकी** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | रामलाल श्रेष्ठ | सि.अ.हे.ब. निरिक्षक | पा.न.पा. ६, गोरखा | ९८४६०३३९१८ | स्थायी |
| २ | दिपेन्द्र गिरी | जनस्वास्थ्य निरीक्षक | पा.न.पा ४ गोरखा | ९८५६०६२२१९ | स्थायी |
| ३ | सुशिला शर्मा | सि.अ.न.मी. | बाग्लुङ | ९८४९५९६१०५ | स्थायी |
| ४ | बिन्दु खड्का राना मगर | अ.न.मी. | पा.न.पा.६, गोरखा | ९८१०१६३०५७ | करार |
| ५ | सानुमाया बराकोटी | का.स. | पा.न.पा.६, गोरखा | | करार |
| **च्याङली स्वास्थ्य चौकी** | | | | | |
| १ | भरतराज पाण्डे | सि.अ.हे.ब. निरिक्षक | पा.न.पा.७, गोरखा | ९८५६०४०४८० | स्थायी |
| २ | अप्सरा देवकोटा | जनस्वास्थ्य निरीक्षक | भानु, तनहुँ | ९८४६१२६६५२ | स्थायी |
| ३ | बिनय बावु कुमाल | सि.अ.हे.व. | पा.न.पा.७, गोरखा | ९८४६८६६५३३ | स्थायी |
| ४ | बिमला कंडेल कस्यप | सि.अ.न.मी. | पोखरा म.न.पा.१५, कास्की | ९८४६१५५१३२ | स्थायी |
| ५ | पंचमाया कुमाल | अ.न.मी. | पा.न.पा.७, गोरखा | ९८१९१७८८१२ | करार |
| ६ | श्री फुर्वा घले | कार्यालय सहयोगी | पा.न.पा.७, गोरखा | ९८१४१९३४१३ | करार |
| **धुवाँकोट स्वास्थ्य चौकी** | | | | | |
| १ | लक्ष्मण बावु श्रेष्ठ | सि.अ.हे.व. निरिक्षक | पा.न.पा.८, गोरखा | ९८४६०७५३७१ | स्थायी |
| २ | चन्द्र माया श्रेष्ठ | सि.अ.न.मी. निरिक्षक | पा.न.पा.८, गोरखा | ९८४६१४२९४३ | स्थायी |
| ३ | सविना श्रेष्ठ | सि.अ.हे.व | पा.न.पा.७, गोरखा | ९८४६३६८४९९ | स्थायी |
| ४ | लक्ष्मी श्रेष्ठ | अ.न.मी. | पा.न.पा.८, गोरखा | ९८४५४४२०९० | स्थायी |
| ५ | अम्बिका अधिकारी | का.स. | पा.न.पा.८, गोरखा | ९८०६७९३१०२ | करार |
| **मिरकोट स्वास्थ्य चौकी** | | | | | |
| १ | बिनोद कुमार यादव | अ.हे.ब. | चक्रघट्टा गा.पा.११, सर्लाही | ९८४४५८४८२० | करार |
| २ | अनिशा जोशी | अ.न.मी. | पा.न.पा.६, गोरखा | ९८६१०७७२१६ | करार |
| ३ | टेक बहादुर बि.क. | का.स. | पा.न.पा.९, गोरखा | ९८०८९८२४१४ | करार |
| **ठाँटीपोखरी बर्थिङ सेन्टर** | | | | | |
| १ | सिर्जना राना मगर | सि.अ.न.मी. | पा.न.पा.६, गोरखा | ९८४६५७०६२६ | स्थायी |
| २ | रमा थापा मगर | सि.अ.हे.व. | पा.न.पा.५, गोरखा | ९८४६९४७३२५ | स्थायी |
| ३ | गीता श्रेष्ठ | अ.न.मी. | पा.न.पा.५, गोरखा | ९८४०६४३३८० | करार |
| ४ | शोभा बोगटी | अ.न.मी. | पा.न.पा.२, गोरखा | ९८४६७८७३२१ | करार |
| ५ | कुसुम थापा मगर | अ.हे.ब. | पा.न.पा.८, गोरखा | ९८२९१३२४९८ | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | रचना पण्डित | कार्यालय सहयोगी | पा.न.पा.५, गोरखा | ९८०८३७५८२३ | करार |
| चापाभञ्ज्याङ शहरी स्वास्थ्य केन्द्र | | | | | |
| १ | हिरामणी देवकोटा | सि.अ.हे.व. | पा.न.पा.१०, गोरखा | ९८४६७६३८६२ | स्थायी |
| २ | ममता श्रेष्ठ | अ.न.मी. | पा.न.पा.४, गोरखा | ९८४४१८७५५१ | करार |
| ३ | अनिता नेपाली | का.स. | पा.न.पा.२, गोरखा | ९८११८६८००१ | करार |
| डुम्रेडाँडा शहरी स्वास्थ्य केन्द्र | | | | | |
| १ | अर्जुन न्यौपाने | सि.अ.हे.व. निरिक्षक | पा.न.पा.४, गोरखा | ९८५६०४६५०५ | स्थायी |
| २ | सुस्मिता सुनार | अ.न.मी. | पा.न.पा.४, गोरखा | ९८६६१४०७३५ | करार |
| ३ | दुर्गा देवी देवकोटा | का.स. | पा.न.पा.३, गोरखा | ९८२६२६४०३७ | करार |
| **हवाईग्राउण्ड शहरी स्वास्थ्य केन्द्र** | | | | | |
| १ | बिन्दु रोका | अ.हे.ब. | पा.न.पा.४, गोरखा | ९८०३२१७४३९ | करार |
| २ | सपना कुमाल | अ.न.मी. | पा.न.पा.४, गोरखा | ९७६६३९०२८६ | करार |
| ३ | शर्मिला लुइटेल | कार्यालय सहयोगी | पा.न.पा.४, गोरखा | ९८४६७८३०२० | करार |
| **हात्तीगौडा शहरी स्वास्थ्य केन्द्र** | | | | | |
| १ | रमेश खड्का | सि.अ.हे.ब. | पा.न.पा.४, गोरखा | ९८४१७०८००८ | स्थायी |
| २ | सबिना कुमाल | अ.न.मी. | पा.न.पा.७, गोरखा | ९८०६८६८७३७ | करार |
| ३ | सुमित्रा बि.क. | का.स. | पा.न.पा.४, गोरखा | ९८१९१५०९८२ | करार |
| **खत्रीटार शहरी स्वास्थ्य** | | | | | |
| १ | कल्पना देवी त्रिपाठी अधिकारी | सि.अ.न.मी. निरिक्षक | पा.न.पा.७, गोरखा | ९८४६२९५९३३ | स्थायी |
| २ | बिमला कंडेल | अ.हे.ब. | पा.न.पा.७, गोरखा | ९८४६६३९०४४ | करार |
| ३ | सुनिता कुमाल | का.स. | पा.न.पा.७, गोरखा | ९८४५०६९७३२ | करार |
| **शेरा सामुदायिक स्वास्थ्य इकाई** | | | | | |
| १ | गंगादत्त सेढाई | अ.हे.ब. | पा.न.पा.९, गोरखा | ९८४६१५५०७२ | करार |
| २ | फुलमाया लामा | का.स. | पा.न.पा.९, गोरखा | ९८१७११२४८३ | करार |
| **कमलटार शहरी स्वास्थ्य** | | | | | |
| १ | रिता थापा | अ.न.मी. | पा.न.पा.६, गोरखा | ९८६४४६१७१६ | करार |
| २ | सुना मग्राती | अ.हे.ब. | पा.न.पा.६, गोरखा | ९८१६६८९५१८ | करार |
| ३ | जमुना आले | का.स. | पा.न.पा.६, गोरखा | ९८१९१६२९७४ | करार |
| **कोटगढी आधारभुत स्वास्थ्य केन्द्र (मिरकोट)** | | | | | |
| १ | कालिका चौलागाई | जनस्वास्थ्य निरीक्षक | पा.न.पा.१०, गोरखा | ९८४५६५२६९० | स्थायी |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बिष्णु थापा मगर सारु | अ.न.मी. | मुसिकोट-२, गुल्मी | | करार |
| ३ | नवराज न्यौपाने | अ.हे.ब. | पा.न.पा.२, गोरखा | ९८४३९९६६६६ | करार |
| ४ | पार्वती थापा लाय मगर | कार्यालय सहयोगी | पा.न.पा.-१०, मिरकोट | ९८४६९५३४५२ | करार |
| **आँपपिपल अस्पताल** | | | | | |
| १ | डा. प्रफुल्ल गुरुङ | मेडिकल अधिकृत | पा.न.पा.३ गोरखा | ९८४५४६५२५४ | स्थायी |
| २ | अनिशा शाही | रेडियोग्राफर | गुल्मी | ९८६७८९९७८५ | स्थायी |
| ३ | चन्द्रिका बस्नेत | स्टाफ नर्स | आठविस न.पा.५, दैलेख | ९७४५५०३१७५ | स्थायी |
| ४ | रामचन्द्र अधिकारी | हेल्थ असिष्टेन्ट | पोखरा-२६, कास्की | ९८६६००९४८७ | स्थायी |
| ५ | राजेन्द्र कुमार यादव | हेल्थ असिष्टेन्ट | मलंगवा न.पा.४, सर्लाही | ९८४४२७९२८८ | स्थायी |
| ६ | अम्बिका कुमारी | हेल्थ असिष्टेन्ट | हरिपूर्वा न.पा.२, सर्लाही | ९७०२४१५१४७ | स्थायी |
| ७ | अमित चौधरी | हेल्थ असिष्टेन्ट | बरहथवा न.पा.७, सर्लाही | ९८६९६८१०२६ | स्थायी |
| ८ | अनिता पौडेल | ल्याव टेक्निसियन | पा.न.पा.४, गोरखा | ९८४६११२०४९ | करार |
| ९ | पुजा परियार | एनेस्थेसिया सुपरभाइजर | पा.न.पा.९, गोरखा | ९८४३२९७४३० | स्थायी |
| १० | मन्जु बि.क. | अ.न.मी. | | ९८०६६१७३१६ | स्थायी (अध्ययन विदामा) |
| ११ | सरिता कंडेल | अ.न.मी. | पा.न.पा.६, गोरखा | ९८४३४४४१०२ | करार |
| **क्षयरोग मुक्त अभियान कार्यक्रम** | | | | | |
| १ | जनक रावत | क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक | बारेकोट गा.पा.४, जाजरकोट | ९८४९७२१८२० | करार |

## घ) निकायबाट प्रदान गरिने सेवा

पालुङ्टार नगरपालिका नगरपालिकाको कार्यपालिकाको कार्यालयमा रहेका विभिन्न विषयगत शाखाहरु, यस मातहतका वडा कार्यालयका साथै स्वास्थ्य संस्थाहरु यस कार्यालयका प्रम्रुख सेवा प्रदायक इकाइहरु हुन । फरक सेवा प्रदायकहरुका फरक जिम्मेवारी रहेको सन्दर्भमा यस कार्यालयवाट प्रवाह हुने प्रमुख सेवाहरु निम्नानुसारका रहेका छन ।

- साना एवं मझौला प्रकृतिका सडक पूर्वाधार, नहर, कुलो लगायतका सिंचाइ पूर्वाधार, खानेपानी पूर्वाधार, जलउत्पन्न प्रकोप नियन्त्रण, जलाधार व्यवस्थापन लगायतका विभिन्न भौतिक पूर्वाधारहरुको निर्माण तथा मर्मत गर्ने ।
- विद्यालय शिक्षाको व्यवस्थापनका लागि विविध गतिविधिहरु सञ्चालन गर्ने ।
- युवाहरुलाई सामाजिक परिचालन, खेलकुद, सांस्कृतिक कार्यक्रमहरु लगायतका विविध गतिविधिहरुमा संलग्न गराइ उनीहरुको विकासका लागि सकरात्मक पहल र प्रयत्न गर्ने ।

- विभिन्न खेलकुद गतिविधिहरुको सञ्चालन मार्फत खेलकुदको विकासमा सकरात्मक योगदान पुर्याउने ।
- उद्यमशिलताको विकास मार्फत साना तथा मझौला प्रकृतिका उद्योगहरुको विकास तथा प्रवर्द्धन गर्ने ।
- वेरोजगार नागरिकहरुलाई निर्माण कार्यमा संलग्न गराई रोजगारीका अवसरहरुको सिर्जना गर्ने ।
- महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाती, अल्पसंख्यक समुदायहरुको सशक्तिकरण मार्फत सामाजिक न्यायको प्रवर्द्धन गर्ने ।
- कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
- नागरिकहरुको आधारभूत स्वास्थ्यमा पहुँचको सुनिश्चितता गर्ने ।
- नगरवासी नागरिकहरुलाई विभिन्न सिफारिसहरु प्रदान गर्ने ।
- मेलमिलाप मार्फत न्यायिक समितिका अधिकारक्षेत्रका विवादहरुको निरोपण गर्ने ।

## ङ) सेवा गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | शाखा/संस्था | जिम्मेवार अधिकारीको नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासन शाखा | निर्मला पन्त | अधिकृत साँतौं | |
| २ | आर्थिक प्रशासन शाखा | सुवन शर्मा | अधिकृत साँतौं | |
| ३ | योजना शाखा | धनेन्द्र श्रेष्ठ | बरिष्ठ प्रशासन सहायक | |
| ४ | भौतिक पूर्वाधार बिकास शाखा | नविन पोखरेल | सब इन्जिनियर | |
| ५ | युवा, खेलकुद तथा शिक्षा शाखा | मनोज नेपाली श्रीमल | उप-सचिव | |
| ६ | स्वास्थ्य शाखा | सृजना पोखरेल | अधिकृत साँतौं | |
| ७ | आयुर्बेद शाखा | हितकाजी श्रेष्ठ | अधिकृत साँतौं | |
| ८ | पशु सेवा शाखा | लेखनाथ अर्याल | अधिकृत साँतौं | |
| ९ | कृषि बिकास शाखा | राजु गौतम | अधिकृत साँतौं | |
| १० | सूचना प्रबिधि शाखा | अनुप देवकोटा | अधिकृत छैठौं | |
| ११ | जिन्सी शाखा | टुक प्रसाद पौडेल | अधिकृत छैठौं | |
| १२ | रोजगार सेवा केन्द्र | कल्पना के.शी. | रोजगार संयोजक | |
| १३ | राजश्व शाखा | सरोज थापा | सहायक पाँचौ | |
| १४ | सा.सु. तथा पञ्जिकरण शाखा | सरोज थापा मगर | एम आइ एस अपरेटर | |
| १५ | न्यायिक समिति | अन्जु धिताल | कानुनी सल्लाहकार | |
| १६ | मेड्पा कार्यक्रम | रामजनम चौधरी | उद्यम बिकास सहजकर्ता | |
| १७ | वडा नं. १ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | |
| १८ | वडा नं.२ | कृष्ण बहादुर थापा | वडा अध्यक्ष | |
| १९ | वडा नं. ३ | रबिन्द्र अधिकारी | वडा अध्यक्ष | |

| | | | | |
|---|---|---|---|---|
| २० | वडा नं. ४ | मान बहादुर पौडेल | वडा अध्यक्ष | |
| २१ | वडा नं. ५ | दिपक पाण्डे | वडा अध्यक्ष | |
| २२ | वडा नं. ६ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | |
| २३ | वडा नं. ७ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | |
| २४ | वडा नं. ८ | होप बहादुर नेपाली | वडा अध्यक्ष | |
| २५ | वडा नं. ९ | भेज राज पाण्डे | वडा अध्यक्ष | |
| २६ | वडा नं. १० | रिखिराज धौराली | वडा अध्यक्ष | |

## च) सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि

सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधि यस कार्यालयको नागरिक वडापत्रमा उल्लेख गरिएको छ जुन कार्यालयको वेभसाइट www.palungtarmun.gov.np मा समेत उपलब्ध रहेको छ।

## छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यालयले निर्णयका सम्वन्धमा अवलम्वन गर्ने प्रक्रिया प्रचलित कानूनले निर्दिष्ट गरे वमोजिम रहेका छन। प्रशासनिक प्रकृतिका निर्णयहरु प्रशासनिक निकायबाट निर्णय गरिन्छ भने नीतिगत एवं रणनीतिगत प्रकृतिका निर्णयहरुका सन्दर्भमा कार्यपालिका एवं नगरसभा मार्फत निर्णय लिइन्छ।

## ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालयका काम कारवाहीहरुका सम्वन्धमा गुनासो सुन्नका लागि कार्यालयले गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको छ भने प्रशासनिक प्रकृतिका निर्णयहरुको उजुरी प्रमुख प्रशासकीय अधिकृत मार्फत, प्रमुख प्रशासकीय अधिकृत र जनप्रतिनिधिहरुले गरेका निर्णयहरुको उजुरी नगर प्रमुख वा नगर उपप्रमुख मार्फत, नगर प्रमुखका निर्णयहरु कार्यपालिका वा नगर सभा मार्फत, कार्यपालिकाका निर्णयहरुको उजुरी नगरसभा मार्फत र न्यायिक समितिले गरेका निर्णयहरु जिल्ला अदालत मार्फत उजुरी गर्न सकिने व्यवस्था रहेको छ।

# सम्पादन गरेको कामको विवरण

## आँपपिपल अस्पतालको आयोजना तथा पालुङटार नगरपालिकाको सहकार्य र चितवन मेडिकल कलेजको सहकार्यमा बृहत स्वास्थ्य शिविर सम्पन्न

मिति २०८२।०१।०६ गते आँपपिपल अस्पतालको आयोजना तथा पालुङटार नगरपालिकाको सहकार्य र चितवन मेडिकल कलेजको सहकार्यमा बृहत स्वास्थ्य शिविर सम्पन्न भयो । उक्त कार्यक्रममा बोल्दै नगर प्रमुख तथा आँपपिपल अस्पताल विकास तथा सञ्चालन समितिका अध्यक्ष श्री विवस चिन्तनले चितवन मेडिकल कलेज र आँपपिपल अस्पतालका सम्पुर्ण कर्मचारीहरुलाई कार्यक्रममा







उल्लेखनीय भुमिका निर्वाह गरेकोमा स-धन्यवाद प्रकट गर्नुभयो । उक्त कार्यक्रममा चितवन मेडिकल कलेज र आँपपिपल अस्पताल बिच दुई पक्षिय सम्झौता भयो । जस अनुरुप चितवन मेडिकल कलेजले आफ्नो website मा आँपपिपल अस्पतालको जानकारी मुलक सन्देश राख्नुपर्ने, आँपपिपल अस्पतालबाट रिफर भएका बिरामीहरुलाई २०% र फार्मेसीमा ७ % र आँपपिपल अस्पतालको सिफारिसमा थप १० % छुट बर्षमा दुई पटक आँपपिपल अस्पतालले तोकेको स्थानमा स्वास्थ्य शिविर विषय समेटिएको छ ।



## १ महने ३ पाङ्ग्रे हलुका सवारी साधन चालक र नौमती बाजाको तालिम समापन कार्यक्रम

मिति २०८२-०१-०७ गतेका दिन पालुङटार नगरपालिकाको आयोजना र वडा स्तरीय महिला सञ्जाल पा.न.पा. वडा न ७ को व्यवस्थापनमा महिलाहरुको उद्यमशिलता विकास गर्ने उद्देश्यले १ महिने ३ पाङ्ग्रे हलुका सवारी साधन चालक र नौमती बाजाको तालिम समापन कार्यक्रम सम्पन्न भयो। २० जना महिलाहरु सहभागी रहेको १ महिने ३ पाङ्ग्रे हलुका सवारी साधन चालक तालिममा लिएका थिए। ३ जना महिलाले तालिमकै क्रममा ३ पाङ्ग्रे हलुका सवारी साधन चालक अनुमति प्राप्त गरेको र बाँकी महिलाहरुले चालक अनुमति प्राप्त गर्ने प्रकृयामा रहेको छन्। आउने आर्थिक बर्ष देखि तिन पाङ्ग्रे हलुका सवारी साधन सञ्चालन कार्यविधीको आवश्यक प्रकृया पुरा गरी तिन पाङ्ग्रे हलुका सवारी साधन चलाउने जसबाट स्थानीयहरुलाई गाउँबाट नगरपालिका सम्म आउन सहज हुनका साथै तिन पाङ्ग्रे हलुका सवारी साधन सञ्चालनबाट रोजगारी सिर्जना र आर्थिक उपार्जनमा टेवा पुग्ने विश्वास लिइएको छ। नौमती बाजाको तालिमबाट महिलाहरुलाई रोजगारी र बाजा संरक्षणमा टेवा पुग्ने विश्वास लिइएको छ।








**रुम टु रिडको सन् २०२४ मा सम्पन्न मुख्य गतिबिधि तथा उपलब्धीहरुको समिक्षा र सन् २०२५ मा आयोजना गरिने क्रियाकलाप तथा बजेटका बारेमा छलफल कार्यक्रम**

एकिकरण नेपाल गोरखाले रुम टु रिडको आर्थिक तथा प्राविधिक सहयोग र नगरपालिकाको समन्वयमा पालिका भित्रका ६ विद्यालयमा जीवन उपयोगी सीप तालिम मार्फत कक्षा ६ देखि १२ सम्मका बालिकालाई माध्यामिक तहको पढाइमा सहयोग, स्व जागरण र तार्किक स्व निर्णय गर्न सक्षम बनाउने उद्देश्यका साथ सञ्चालनमा रहेको बालिका शिक्षा कार्यक्रम र २५ ओटा सामुदायिक विद्यालयहरुमा प्रारम्भिक कक्षामा अध्ययनरत विद्यार्थीहरुमा पढ्ने सिप र पढ्ने बानीको बिकासमा सहयोग गर्ने उद्देश्यले संचालित साक्षरता कार्यक्रम अन्तरगत सन् २०२४ मा सम्पन्न मुख्य गतिबिधि तथा उपलब्धीहरुको समिक्षा र सन् २०२५ मा आयोजना गरिने क्रियाकलाप तथा बजेटका बारेमा छलफल गर्नुका साथै कार्यक्रमको प्रभाबकारी कार्यान्वयनका लागि राय सल्लाह संकलन कार्य मिति २०८२ ०८-०१-गतेको दिन एकिकरण नेपाल गोरखाको आयोजनामा नगर प्रमुख श्री विवस चिन्तन, प्रमुख प्रशासकीय अधिकृत कमानसिं थापामगर, शिक्षा शाखा प्रमुख मनोज नेपाली सिर्मल, विभिन्न वडाका वडा अध्यक्षहरु, कर्मचारीहरुको उपस्थितिमा सम्पन्न भयो ।





**आँपपिपल अस्पताललाई प्रादेशिक अस्पताल ५० शैया अस्पतालको रुपमा हस्तान्तरण तथा उद्घाटन कार्यक्रम**

"मध्य पहाडी ब्यापारिक पर्यटकीय शहर, सुन्दर समुन्नत र समृद्ध हाम्रो लिगलिग पालुङटार" भन्ने मूल नाराका साथ गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डे ज्यूको प्रमुख आथित्यमा आयोजित आँपपिपल अस्पताललाई प्रादेशिक अस्पताल ५० शैया अस्पतालको रुपमा हस्तान्तरण तथा उद्घाटन कार्यक्रम सम्पन्न भयो। पालुङटार नगरपालिका वडा नं ९ का अध्यक्ष तथा पालिकाका सामाजिक बिकास समितिका संयोजक श्री भेजराज पाण्डे, गण्डकी प्रदेश स्वास्थ्य सचिव डा. बिश्ववन्धु बगाले, उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रि माननीय श्री फडीन्द्र देवकोटा कार्यक्रममा प्रदेश स्वास्थ्य मन्त्रि माननीय श्री कृष्ण प्रसाद पाठक ज्यूले आ-आफ्नो भनाई राख्नुभएको थियो। कार्यक्रममा पालुङटार नगरपालिकाका उप-प्रमुख श्री वन्दना पाण्डेज्यूले आँपपिपल अस्पताललाई प्रादेशिक अस्पताल ५० शैया अस्पतालको रुपमा हस्तान्तरण हुदै गर्दा, यस अस्पताललाई अझै स्तरोन्नति गर्दै स्वास्थ्य सेवामा थप टेवा पुर्याउन प्रदेश र स्थानीय तह मिलेर अघि बढ्ने प्रतिबद्धता गर्दै शुभकामना मन्तब्य दिनुभएको थियो। प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डे ज्यूको प्रमुख आथित्यमा सम्पन्न भएको कार्यक्रममा यस अस्पतालमा फरक-फरक विषयका बिशेषज्ञका डाक्टरहरुलाई पठाई अस्पतालमा सेवालाई स्तरोन्नति गर्ने प्रतिबद्धता गर्नुहुदै गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश. पोखरा र पालुङटार नगरपालिका, गोरखा बीच आँपपिपल अस्पताल हस्तान्तरण सम्झौता पत्र गण्डकी प्रदेश स्वास्थ्य सचिव डा. बिश्ववन्धु बगाले र पालुङटार नगरपालिका, गोरखाका प्रमुख प्रशासकीय अधिकृत श्री कमानसिं थापामगर बीच आदान प्रदान गर्नुभएको थियो।

पालुङटार नगरपालिकाका नगर प्रमुख तथा यस अस्पाताल ब्यबस्थापन समितिका अध्यक्ष श्री विवस चिन्तनज्यूले कार्यक्रममा आधारभूत स्वास्थ्य सेवा र बिशेषज्ञ स्वास्थ्य सेवा स्थानीय तह र प्रदेश सरकारले संयुक्त रुपमा सेवा अगाडी बढाउने कुरामा बिशेष जोड दिनुभयो। कार्यक्रम श्री राजेश पौडेल ज्यूले संचालन गर्नुभएको थियो।






## पालुङटार नगरपालिकाको न्यायिक समितिको निरीक्षण सम्पन्न

मिति २०८२-०१-१५ गते गोरखा जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री शिवबहादुर रानाभाटज्यूबाट न्याय प्रशासन ऐन, २०७३ को दफा २१ बमोजिम पालुङटार नगरपालिकाको न्यायिक समितिको निरीक्षण सम्पन्न।




**<u>सुरक्षित आप्रवासन( सामी) कार्यक्रम अन्तर्गत सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रम तथा अभिमुखिकरण  कार्यक्रम सम्पन्न</u>**

मिति २०८२-०१-१५ गतेका दिन पालुङटार नगरपालिकामा नगर उप-प्रमुख श्री वन्दना पाण्डेको अध्यक्षतामा सुरक्षित आप्रवासन( सामी) कार्यक्रम अन्तर्गत सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रम तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्री कमानसिं थापामगर, नगर शिक्षा अधिकारी श्री मनोज नेपाली सिर्मल, शाखा प्रमुख ज्यूहरु, वडा सचिव ज्यूहरु र कर्मचारीहरु, सुरक्षाकर्मी, पत्रकारहरुको उपस्थिति रहेको थियो भने जिल्ला संयोजक श्री चन्द्र बहादुर देवकोटाले प्रस्तुतिकरण दिनु भएको थियो।





## दोस्रो आवधिक योजना निर्माण सम्बन्धी प्रारम्भिक छलफल कार्यक्रम

मिति २०८२-०१-१५ गतेका दिन पालुङटार नगरपालिकामा नगर प्रमुख श्री विवस चिन्तनको अध्यक्षतामा दोस्रो आवधिक योजना निर्माण सम्बन्धी प्रारम्भिक छलफल कार्यक्रम भएको थियो । उक्त कार्यक्रममा नगर उप-प्रमुख श्री वन्दना पाण्डे, प्रमुख प्रशासकीय अधिकृत श्री कमानसिं थापामगर, नगर शिक्षा अधिकारी मनोज सिर्मल नेपाली, विभिन्न वडाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, श्री हरि शंकर भट्टराई(अर्थ विद्), श्री लक्ष्मी पौडेल(सह-प्राध्यपक), श्री प्रसाद देवकोटा(विकास विशेषज्ञ), विभिन्न शाखाका शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो ।








## दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

मिति २०८२-०१-१७ गतेका दिन पालुङटार नगरपालिका वडा नं.१ को वडा अध्यक्ष श्री कृष्ण बहादुर परियार ज्यूको अध्यक्षतामा आ.ब. २०८१/०८२ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा प्रमुख अतिथि-नगर प्रमख श्री विवस चिन्तन ज्यु, विशेष अतिथि- नगर उप-प्रमुख श्री वन्दना पाण्डे ज्यू, शिक्षा शाखा प्रमुख-उप सचिव श्री मनोज नेपाली सिर्मल, अतिथिहरु-वडा अध्यक्ष तथा सम्पूर्ण जनप्रतिनिधीहरु र शाखा प्रमुख ज्यूहरु र स्थानीय बासिन्दाहरुको सहभागिता रहेको थियो।






## ३५ दिने नौमती बाजा प्रशिक्षण कार्यक्रम

मिति २०८२ बैशाख १८ गते बिहिवार दिन पालुङटार नगरपालिकाको आयोजनामा पा.न.पा.वडा नं.८, झाक्रामा रहेको कालिका आमा समुहलाई ३५ दिने नौमती बाजा प्रशिक्षण कार्यक्रमको उद्धघान भयो । उक्त कार्यक्रमको अध्यक्षता वडा स्तरीय महिला संञ्जालको अध्यक्ष- शर्मिला तिवारी ज्यू, प्रमुख अतिथि- नगर प्रमुख- विवस चिन्तन ज्यू, विशेष अतिथि-नगर उप प्रमुख- वन्दना पाण्डे ज्यू, प्र.प्र.अ.- कमानसिं थापामगर, (अतिथि - नगर स्तरीय महिला सञ्जालको अध्यक्ष-अनिता रानामगर, टोल विकास समिति सदस्य- वाणिक श्रेष्ठ), प्रशिक्षक द्वय-केशव परियार र श्याम बहादुर परियार, कर्मचारीहरु र स्थानीयहरुको उपस्थिती रहेको थियो । "सिप सिकौ, आत्मनिर्भर बनौ" भन्ने नाराका साथ सञ्चालित उक्त कार्यक्रमबाट महिलालाई नौमती मगर बाजाको संरक्षण साथै आर्थिक उपार्जनमा जोडने उद्देश्य लिएको छ ।



बिदुर नगरपालिका नुवाकोटको उपप्रमुख श्री प्रभा बोगटीको नेतृत्वमा आउनुभएको टोली र पालुङटार नगरपालिका बीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा एकअर्को नगरपालिकाले सञ्चालन गर्दै आएको कार्यक्रम र अनुकरणीय योजनाहरूको बारेमा छलफल भयो ।






## <u>सुचीकृत बेरोजगार श्रमिकहरुलाई ५० दिनको सडक मर्मत तथा सम्भार तालिम कार्यक्रम</u>

मिति २०८२-०१-२० गतेका दिन प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रको आयोजनामा संलग्न सुचीकृत बेरोजगार श्रमिकहरुलाई ५० दिनको सडक मर्मत तथा सम्भार तालिम कार्यक्रम समापन भएको थियो। उक्त कार्यक्रमको प्रमुख अतिथि नगर उप-प्रमुख श्री वन्दना पाण्डे बाट समापन गरियो। पालुङटार नगरपालिका वडा नं. ६ का वडा अध्यक्ष श्री चेत बहादुर गुरुङको अध्यक्षतामा संचालित तालिम समापन कार्यक्रममा वडा नं. ६, ८, १० को वडा अध्यक्ष जयू तथा सदस्य ज्यू, रोजगार सेवा केन्द्रका कर्मचारी, सेवा प्रदायक संस्था, प्रशिक्षक, प्रशिक्षार्थी उपस्थिति रहेको थियो।






## न्यायिक समितिको आयोजनामा मेलमिलाप सम्बन्धी ८ दिवसीय आधारभूत तालिम

मिति २०८२-०१-२१ देखि २०८२-०१-२८ गते सम्म पालुङटार नगरपालिका न्यायिक समितिको आयोजनामा मेलमिलाप सम्बन्धी ८ दिवसीय आधारभूत तालिम सञ्चालन भएको छ।






## AI एक्सरेद्धारा छातिरोग सम्बन्धि खोजपड्ताल कार्यक्रम








वडा नं६ ., ७ र ८ मा सम्पन्न योजनाहरु अनुगमन गर्दै नगर उप-प्रमुख र प्राविधिक कर्मचारीहरु





## मेलमिलाप सम्बन्धी ८ दिवसीय आधारभूत तालिम

आज मिति २०८२-०१-२८ गतेका दिन "मिति २०८२-०१-२१ देखि २०८२-०१-२८ गते सम्म पालुङटार नगरपालिका न्यायिक समितिको आयोजनामा मेलमिलाप सम्बन्धी ८ दिवसीय आधारभूत तालिम" समापन समारोहको तस्विरहरु।











## २ दिने सहकारी व्यवस्थापन (लेखा/COPOMIS) सम्बन्धी तालिम

मिति २०८२-०१-३० र ३१ गते पालुङटार नगरपालिकाको आयोजनामा नगरपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुलाई २ दिने सहकारी व्यवस्थापन (लेखा / COPOMIS) सम्बन्धी तालिम सम्पन्न।






**मिति २०८२-०२-०६ गतेका दिन पालुङटार नगरपालिकाको राजस्व सुधार कार्य योजना निर्माण सम्बन्धित छलफल कार्यक्रमको तस्विरहरु ।**






मिति २०८२-०२-०७ गतेका दिन पालुङटार नगरपालिका सभाहलमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराद्वारा आयोजित भ्रष्टचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रमको तस्विरहरु ।





मिति २०८२-०२-०८ गतेका दिन पालुङटार नगरपालिका सभाहलमा नेपाल विश्वविद्यालयका पदाधिकारी र पालुङटार नगरपालिका बीच छलफल तथा अन्तरक्रिया कार्यक्रमको तस्विरहरु।






मिति २०८२-०२-०९ गतेका दिन पालुङटार नगरपालिकाको सभाहलमा सम्पन्न बालमैत्री स्थानीय शासन सम्बन्धी नगर कार्यसमिति र कार्यान्वयन सहजीकरण समितिका पदाधिकारीहरु लाई अभिमुखीकरण कार्यक्रमको तस्विरहरु।






## नगरपालिकाका वडा कार्यालयहरुबाट हुने सिफारिस तथा पञ्जिकरण सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम




आज मिति २०८२-०२-१० गते नगरपालिकाका वडा कार्यालयहरुबाट हुने सिफारिस तथा पञ्जिकरण सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो सो कार्यक्रममा अध्यक्षता नगर प्रमुख श्री विवस चिन्तन ज्यू ले गर्नु भएको थियो भने अतिथि सहायक जिल्ला प्रशासन प्रमुख श्री चित्राङ्गत बराल ज्यू, अतिथि उप-प्रमुख श्री वन्दना पाण्डे ज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री कमानसिं थापामगर ज्यू, वडाका अध्यक्ष ज्यूहरु,

वडाका सदस्य ज्यूहरु, वडाका वडा सचिव ज्यूहरु लगायतको उपस्थिति रहेको थियो र यस कार्यक्रममा सिफारिस तथा घटना दर्ता सम्बन्धी अभिमुखीकरण/प्रशिक्षण सहायक जिल्ला प्रशासन प्रमुख ज्यूले गर्नु भएको थियो।

मिति २०८२-०२-१२ गतेका दिन पालुङटार नगरपालिकाको आयोजनामा पा.न.पा वडा नं. ५ स्थित भवानी बहुमुखी क्याम्पसको प्राङगणमा (माझाटार चौरमा) योग शिविर सञ्चालन भएको थियो।





मिति २०८२-०२-१२ गतेका दिन तथ्याङ्क समन्वय कार्यालय, गोरखाको आयोजनामा पालुङटार नगरपालिका सभाहलमा "स्थानीय तहहरुमा तथ्यांकीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम"को तस्बिरहरु।




मिति २०८२-०२-१३ गतेका दिन पा.न.पा वडा नं. ४ मा पा.न.पा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको आयोजनामा ५ दिने सिपमुलक तालिम प्रशिक्षण कार्यक्रम उद्घाटनको तस्विरहरु।




**स्थानीय तह असल अभ्यास आदान प्रदान / बालमैत्री स्थानीय शासन घोषणा एवम् दिगोपनको सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रम**

मिति २०८२-०२-१५, १६ र १७ गतेका दिन स्थानीय तह असल अभ्यास आदान प्रदान / बालमैत्री स्थानीय शासन घोषणा एवम् दिगोपनको सम्बन्धमा अन्तरक्रिया तथा छलफल कार्यक्रम पालुङटार नगरपालिका गोरखा र गलकोट नगरपालिका बाग्लुङ, थबाङ गाउँपालिका रोल्पा, घोराही उप-महानगरपालिका, दाङ बीच सम्पन्न भयो।










**मानसिक स्वास्थ्यमा नमुना नगरपालिका विकासका लागि स्वास्थ्यकर्मीहरुलाई mhGap तालिम कार्यक्रम**

मिति २०८२-०२-१५ देखि १९ गते सम्म पालुङटार नगरपलिका सभाहल पालुङटार नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा "मानसिक स्वास्थ्यमा नमुना नगरपालिका विकासका लागि स्वास्थ्यकर्मीहरुलाई mhGap तालिम कार्यक्रम" सम्पन्न भयो।





## गार्मेन्ट विषयको (६५ दिने) सीपमूलक तालिम





मिति २०८२-०२-१९ गतेका दिन पालुङटार नगरपालिकाको आयोजना र भ्यू एक्टिभ कन्सल्टेन्सी प्रा.लि.को संयोजनमा सञ्चालित गार्मेन्ट विषयको (६५ दिने) सीपमुलक तालिम समापन समारोह समपन्न भयो। उक्त कार्यक्रममा नगर स्तरीय महिला सञ्जाल अध्यक्ष श्री अनिता रानामगरले अध्यक्षता गर्नुभएको थियो भने प्रमुख अतिथि- पा.न.पा नगर प्रमुख श्री विवस चिन्तन, विशेष अतिथि- पा.न.पा नगर उप-प्रमुख श्री वन्दना पाण्डे, अतिथि-पा.न.पा प्रमुख प्रशासकीय अधिकृत श्री कमानसिं थापामगर, प्रशिक्षक तथआ भ्यू एक्टिभ कन्सल्टेन्सी प्रा.लि.का संयोजक श्री गोविन्द राम, सह-प्रशिक्षक श्री तिलकुमारी परियार र सिलाई प्रशिक्षक श्री रमा कडेल, पा.न.पा कार्यपालिका सदस्य मनिका अधिकारी लिम्बु, पा.न.पा वडा नं. ५ महिला सञ्जाल अध्यक्ष सुनिता अधिकारी र नगरपालिका कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि लगायत अतिथिहरलाई भ्यू एक्टिभ कन्सल्टेन्सी प्रा.लि.का संयोजक श्र गोविन्द राम द्वारा मायाको चिनो प्रदान गर्नुभएको थियो। यस तालिममा २० जना प्रशिक्षार्थीले सहभागी भई तालिम पुरा गरेका थिए र प्रशिक्षार्थीहरुलाई प्रमाण पत्र प्रदान गरियो।

मिति २०८२-०२-२२ गतेका दिन पालुङटार नगरपालिकाको आयोजना बजार व्यवस्थापन सम्बन्धी छलफल कार्यक्रम पालुङटार नगरपालिका नगर सभाहलमा सम्पन्न भयो।






वडा नं. १ मा भएको सुरक्षित आप्रबासन सामीको क दिनको वित्तीय साक्षरता तथा गहन अभिमुखीकरण कार्यक्रममा सम्बोधन गर्नुहुदै वडा नं. १ का वडा अध्यक्ष।




## ५ दिने झोल साबुन, हार्पिक तथा फिनेल बनाउने तालिम

मिति २०८२-०२-२८ गतेका दिन पालुङटार नगरपालिका वडा नं. ६ मा महिला सञ्जालको मागमा आधारित कार्यक्रम अन्तर्गत ५ दिने झोल साबुन, हार्पिक तथा फिनेल बनाउने तालिम उद्धाटन गरियो। यस कार्यक्रममा वडा नं. ६ महिला संजाल अध्यक्ष श्री सत्यदेवी बराकोटी ज्यूको अध्यक्षता रहेको थियो साथै प्रमुख अतिथि नगर उप-प्रमुख श्री वन्दना पाण्डे ज्यू, अतिथि वडा अध्यक्ष श्री चेत बहादुर गुरुङ ज्यू, वडा सदस्य श्री उषा अधिकारी, तालिम प्रशिक्षक श्री जित बहादुर खत्री ज्यू र नगरपालिका कर्मचारीहरु लगायत तालिम प्रशिक्षार्थीहरुको उपस्थिति रहेको थियो।





मिति २०८२-०३-०१ गतेका दिन पालुङटार नगरपालिका वडा नं. ७ खाल्टे स्थित नमुना दलित वस्तिको संयोजक श्री डिल बहादुर नेपालीको अध्यक्षतामा नमुना दलित वस्ति सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।





मिति २०८२-०३-०५ गते देखि ०९ गते सम्म पालुङटार नगरपालिकाद्वारा आयोजित आधारभूत तथा माध्यामिक विद्यालयका IT स्रोत शिक्षकहरुका लागि क्षमता विकास कार्यक्रमको समापन भयो।






**झ)**

**ञ)**

**<u>गोरखा जिल्लाको सेवा प्रवाह सम्बन्धमा सहजीकरण, समन्वय र सार्वजनिक सुनुवाई कार्यक्रम सेवा प्रवाहको प्रस्तुतीकरण सहित छलफल र सुझाव कार्यक्रम</u>**

आज मिति २०८२-०३-२० गते शुक्रबारका दिन प्रमुख जिल्ला अधिकारी श्री रामु कडरियाको अध्यक्षतामा यस पालुङटार नगरपालिका, ठाँटीपोखरीमा गोरखा जिल्लाको सेवा प्रवाह सम्बन्धमा सहजीकरण, समन्वय र सार्वजनिक सुनुवाई कार्यक्रम सेवा प्रवाहको प्रस्तुतीकरण सहित छलफल र सुझाव कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख श्री विवस चिन्तन, विशेष अतिथि नगर उप-प्रमख श्री वन्दना पाण्डे, अतिथि प्रमुख प्रशासकीय अधिकृत कमानसिं थापामगर, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, राजनीतिक दलका प्रतिनिधिहरु, शाखा प्रमुख र कर्मचारीहरु, टोल विकास संस्थाका प्रतिनिधिहरु लगायत स्थानीयहरुको सहभागिता रहेको थियो। जिल्ला प्रशासन कार्यालय, गोरखाबाट प्रवाह भएको सेवा तथा कार्यहरुको प्रस्तुती सहायक प्रमुख जिल्ला अधिकारी श्री चित्राङ्गत बरालले गर्नु भएको थियो।






मिति २०८२-०३-२२ गतेका दिन पालुङटार नगरपालिकाको आयोजनामा पालुङटार नगरपालिका वडा नं. ८ मा सञ्चालित नौमती बाजा प्रशिक्षण तालिम समापन समारोह ।






**१३. पालुङ्टार नगरपालिकाको यस आ.व. को चौथो त्रैमासिक वित्तिय प्रगति ४६.९७ प्रतिशत**

पालुङ्टार नगरपालिकाले यस आ.व. मा विनियोजित वजेट ८७,०७,३०,४५१.२३ मध्ये कूल २९९८४१९९४.३४ खर्च गरी कूल विनियोजित वजेटको ३४.४३ प्रतिशत खर्च गर्न सफल भएको छ। यस मध्य चालु खर्चतर्फ ३१.३ प्रतिशत र पूँजीगत तर्फ ४१.०३ प्रतिशत खर्च भएको छ।

## क) सूचना अधिकारी र प्रमुखको नाम र पद

**सूचना अधिकारी**: श्री मनोज नपाली सिर्मल, नगर शिक्षा अधिकारी, उप-सचिव

**कार्यालय प्रमुख**: श्री कमानसिं थापामगर, प्रमुख प्रशासकीय अधिकृत

## ख) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि

संघ एवं प्रदेशका विभिन्न कानुनका साथै नगरसभा एवं कार्यपालिका आफैद्वारा निर्मित कानूनहरु समेतका आधारमा नगरपालिका संचालित हुन्छ। नगरपालिकाद्वारा पारित विभिन्न

ऐन, नियमावली एवं कार्यविधिहरुको विस्तृत विवरण कार्यालयको वेभसाइटमा उपलब्ध रहेको छ।

Link: https://palungtarmun.gov.np/np/page/gazette

## ग) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

चालु आर्थिक वर्षको चौथो त्रैमासिक सम्म जम्मा संघिय सरकार/प्रदेश सरकारवाट समानिकरण अनुदान र सशर्त अनुदान गरि जम्मा रु. २४,३०,९१,८२५/- (अक्षरुपी चौबिस करोड तीस लाख एकानब्बे हजार आठ सय पच्चिस रुपैया मात्र) र राजश्व वाडफाड सघिय सरकारवाट हालसम्म जम्मा रु. ३,३०,५८,३९३/- (अक्षरुपी तिन करोड तीस लाख अन्ठाउन्न हजार तिन सय त्रियानब्बे रुपैया मात्र) र प्रदेश राजश्व तर्फ रु. १,३०,४९,७८२ (अक्षरुपी एक करोड तीस लाख उन्नपचास हजार सात सय बयासि रुपैया) र आन्तरिक आय रु. ३८,१९,९८४/- (अक्षरुपी अरतीस लाख उन्नाइस हजार नौ सय चौरासी रुपैया मात्र) गरि हालसम्म जम्मा रु. २९,३०,१९,९८४/- (अक्षरुपी उन्नतीस करोड तीस लाख उनाइस हजार नौ सय चौरासी रुपैया मात्र) आम्दानी भएको छ।




चालु आ.व. को कुल बजेट रु. ८७,०७,३०,४५१।२३ (अक्षरुपी सत्तासी करोड सात लाख तिस हजार चार सय एकाउन्न त्तेइस पैसा मात्र रहेकोमा चालु तर्फ रु. ५८,९९,९०,४५१.२२ (अक्षरुपी अन्ठाउन्न करोड उनान्सय लाख नब्बे हजार चार सय एकाउन्न रुपैयाँ बाइस पैसा ) विनियोजन भएको मध्ये रु. १८,४६,६७,१८५.९५/-

(अक्षरुपी अठाह्र करोड छयालिस लाख सत्सठ्ठी हजार एक सय पचासी रुपैया पन्चानब्बे पैसा मात्र) मात्र खर्च भएको छ। जुन कुल चालु वजेटको ५५.४५ प्रतिशत हुन आउछ। यसै गरि कुल पुजिगत बजेट रु २८,०२,४०,०००.०० (अक्षरुपी अठाइस करोड दुई लाख चालिस हजार मात्र) मध्ये १०,३७,९१,१७२.३४ (अक्षरुपी दस करोड सैतिस लाख एकानब्बे हजार एक सय बहत्तर रुपैया चौत्तिस पैसा मात्र) खर्च भएको छ। जुन कुल पुजिगत वजेटको ३१.३ प्रतिशत हुन आउने देखिन्छ। यसै गरि कुल पुजिगत बजेट रू २८,०७,४०,०००/- (अक्षरुपी अठ्ठाइस करोड सात लाख चालीस हजार मात्र) मध्ये ११,५१,७४,८०९/-(अक्षरुपी एघार करोड एकाउन्न लाख चौहत्तर हजार आठ सय नौ रुपैया मात्र) खर्च भएको छ। जुन कुल पुजिगत बजेटको ४१.१ प्रतिशत हुन आउने देखिन्छ। चालु आ.व. को चौथो त्रैमासिकमा औषत ३४.४३ प्रतिशत खर्च भएको अवस्था छ।

## घ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण

कार्यालयद्वारा अघिल्ला आर्थिक वर्षमा समेत थुप्रै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छ जुन कार्यालयको वार्षिक कार्यक्रमका रुपमा एवं वार्षिक प्रतिवेदनका रुपमा कार्यालयको वेभसाइट www.palungtarmun.gov.np मा उपलब्ध रहेको छ।

## ङ) सार्वजनिक निकायको वेभसाइट भएको भए सो को विवरण

कार्यालयको वेभसाइट www.palungtarmun.gov.np रहेको छ।

## च) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण

संवैधानिक रुपमा स्थानीय तहलाई सो प्रकृतिका कार्यहरु सम्पादन गर्ने अधिकार नरहेको कारण यस नगरपालिकाले प्रत्यक्षतः कुनै पनि वैदेशिक सहायता, ऋण, अनुदान र प्राविधिक सहयोगमा हस्ताक्षर गरेको छैन।

## छ) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी

यस नगरपालिकाले व्यवस्थित रुपमा सूचनाहरुको वर्गीकरण गरेको छैन। कार्यालयसँग सम्वन्धित विभिन्न प्रकारका सूचनाहरु कार्यालयका अभिलेखका रुपमा विभिन्न ढंगले सुरक्षित राखिएका छन।

## ज) सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको

पालुङ्टार नगरपालिकामा विगतदेखि नै विभिन्न विषयमा विभिन्न व्यक्तिहरुले विभिन्न प्रयोजनको लागि सूचना माग गरिदै आएको छ। नगरपालिकाले त्यसरी सूचना माग भएकोमा सूचनाको प्रकृति र गाम्भिर्यतालाई ध्याद दिदै जतिसक्दो छिटो सूचना उपलब्ध गराउदै आएको छ। हालसम्म सुचना माग र उपलब्धताको अवस्था देहाय बमोजिम रहेको छ।

| आ.व | सूचना माग भएको संख्या | सूचना उपलब्ध गराइएको संख्या | स्वत: प्रकाशन |
|---|---|---|---|
| ०७५/७६ | ४ | ४ | नभएको |
| ०७६/७७ | ४ | ४ | नभएको |
| ०७७/७८ | ५ | ५ | नभएको |
| ०७८/७९ | ४ | ४ | भएको |
| ०७९/८० | ५ | ५ | भएको |
| ०८०/८१ | १ | १ | भएको |
| ०८१/०८२ | १ | १ | भएको |

## झ) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

कार्यालयका सूचनाहरु कार्यालयको वेवसाइट र अतिरिक्त कार्यालयको फेसवुक पेज *palungtar municipality palungtar gorkha* तथा नगर प्रमुखको सचिवालयद्वारा सञ्चालित फेसवुक पेज *विवस चिन्तन सचिवालय* बाट समेत प्राप्त गर्न सकिन्छ ।

***************************** **धन्यवाद** ******************************